समृद्ध गंगादेव, सम्मानीत गंगादेवबासी

आर्थिक वर्ष २०८१/०८२ को

# बजेट वक्तव्य तथा कार्यक्रम

गंगादेव गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सानडाँडा, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

*मितिः २०८१/०३/१० गते*

*ने.सं. ११४४ दिल्लागा ४*

गंगादेव गाउँपालिकाको १७ औं गाउँसभाको दोस्रो अधिवेशनका उपस्थित

आदरणीय यस गाउँ सभाका सभाध्यक्ष ज्यू

गाउँसभाका सदस्य ज्यू, सभाका सचिव ज्यू, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी, संचारकर्मी, सुरक्षाकर्मी तथा गंगादेवबासी सम्पुर्ण दाजुभाई दिदिबहिनीहरु

प्राकृतिक सम्पदाले भरिपूर्ण, कृषि क्षेत्रको विकासले परिचित, भाषागत एकरुपता, सामाजिक एकता र सदभाव, भौगोलिक विविधतायुक्त गंगादेव गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको विवरण (बजेट) यस गरिमामय गाउँसभामा प्रस्तुत गरिरहदा गौरवान्वित भएको महसुस गरेको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको निर्माणमा नागरिक अधिकार प्राप्तीको लागि भएका आन्दोलन र पटक-पटकको संघर्षमा आफ्नै जीवन उत्सर्ग गर्ने महान् शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै नेपालको विभिन्न क्षेत्रमा परिवर्तनको लागि नेतृत्वदायी भूमिका खेल्ने आम नागरिकहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधान बमोजिम राज्यको शासकीय संरचना तीन तहको सरकारबाट संरचित छ, जसमध्ये स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । संविधानतः स्थानीय सरकारलाई प्राप्त विधायीकी, कार्यकारिणी र न्यायिक अधिकारको प्रयोग गर्दै उपलब्ध सीमित स्रोत र साधनको उच्चतम परिचालन मार्फत प्राथमिकताको आधारमा गाउँपालिकाबाट हुने सेवा प्रवाहको प्रभावकारी कार्यान्वयन गरी गाउँपालिकावासीलाई परिवर्तको अनुभूति गराउने उद्देश्य प्राप्तीका लागि गाउँपालिका क्रियाशील रहेको छ ।

गाउँपालिकाको लागि संघीय सरकार र प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त बजेटमा आन्तरिक राजश्व संकलनबाट प्राप्त रकम समेतलाई जोडी आएको कुल बजेटको सीमाभित्र रही संघीय सरकार प्रदेश सरकारको मार्गदर्शन र गाउँपालिकाको भूगोल, जनसंख्या र स्थानीय आवश्यकताको आधारमा चालु आर्थिक वर्षमा सञ्चालन भएका र आगामी आर्थिक वर्षका लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितामूलक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि गाउँसभामा पेश गरिने संवैधानिक व्यवस्थालाई आत्मसात गर्दै म चालु आर्थिक वर्षको यथार्थ आय व्यय र आगामी आर्थिक वर्षको प्रस्तावित कार्यक्रमहरु यस गरिमामय गाउँसभामा पेश गर्दछु ।

सभाध्यक्ष महोदय.

अब म आ.व. २०८०/०८१ को संशोधित अनुमान तथा आगामी आ.व. २०८१/०८२ को आय व्यय को अनुमान पेश गर्ने अनुमती चाहन्छु ।

चालु आ.व. २०८०/०८१ को कुल बजेट रु ४३ करोड १४ लाख १९ हजार मात्र अनुमान गरिएकोमा आज मिति २०८१/०३/१० गते सम्ममा चालु र पूँजीगत तर्फ गरी समष्टिगत रुपमा **५३ दशमलव ०५** प्रतिशत वित्तिय प्रगति पुगेको छ ।

**"समृद्ध नेपाल, सुखी नेपाली"** निर्माणको राष्ट्रिय आकांक्षालाई आत्मसाथ गर्दै प्रदेश सरकारको **"समृद्ध प्रदेश, खुसी जनता"** बनाउने भन्ने दीर्घकालीन सोँच तथा यस गंगादेव गाउँपालिकाको **"समृद्ध गंगादेव, सम्मानित गंगादेवबासी"** भन्ने सोँचलाई पूरा गर्न निरन्तर विकासको यात्रामा अगाडि बढ्ने संकल्प गर्दछु। समृद्ध गाउँपालिका निर्माण गर्न न्यूनतम साधन श्रोतको अधिकतम र समुचित प्रयोग गर्न निम्न उद्देश्य परिपूर्ति गर्ने गरी बजेटको निर्माण गरेको छु।

**बजेट तथा कार्यक्रमका उद्देश्य**

उपलब्ध सिमित श्रोत र साधनको मितव्ययी र प्रभावकारी ढंगले उत्पादनमूलक र अधिक प्रतिफल दिने क्षेत्रका साथै स्तरीय भौतिक पूर्वाधारमा खर्च गरी समृद्ध गाउँपालिका बनाउनका लागि देहायका थप उद्देश्यहरु समेत अंगिकार गरिएको छ ।

- कृषि, पशु र पर्यटनलाई प्रवर्द्धन, सम्बर्द्धन, विविधिकरण र व्यवसायीकरण गर्ने,
- स्वास्थ्य सेवालाई गुणस्तरीय र सर्वसुलभ बनाउने,
- शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने
- पर्यटन क्षेत्रको पहिचान र विकास गरी जनताको आयस्तर वृद्धि गर्ने,
- वातावरणमैत्री तथा स्तरीय पूर्वाधार विकास गरी दीगो विकासको नीति अवलम्बन गर्ने,
- सेवा प्रवाहलाई जनमुखी, प्रभावकारी र सर्वसुलभ बनाई सुशासन कायम गर्ने,

**बजेटका उद्देश्यहरु हासिल गर्न बजेटका प्राथमिकताहरु निम्नानुसार तय गरेको छु ।**

१. कृषि तथा पशु विकास सम्बन्धी कार्यक्रम मार्फत स्थानीय आय आर्जनमा अभिवृद्धि
२. प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,
३. आन्तरिक स्रोत पहिचान, राजस्व वृद्धि र आत्मनिर्भरता,

४. आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त शिक्षाको प्रत्याभूति,
५. गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच, अविच्छिन्न पर्याप्तता, पारदर्शिता र व्यापकता,
६. पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन तथा पुनरुत्थान,
७. उद्यमशीलताको विकास, रोजगारी सिर्जना, जनताको जीवन स्तर वृद्धि र गरिबी न्यूनीकरण,
८. सहभागितामा आधारित दिगो भौतिक पूर्वाधार विकास, सडक सञ्जाल तथा सामाजिक विकास,

सभाध्यक्ष महोदय,

आगामी आ.व २०८१/०८२ मा जम्मा आय रु. ४३ करोड ३९ लाख ६५ हजार हुने अनुमान गरिएको छ ।जसमा संघिय सरकार वितिय समानीकरण तर्फ ८ करोड ३५ लाख, सशर्त अनुदान तर्फ २० करोड ६२ लाख ७६ हजार, विशेष अनुदान तर्फ १ करोड २५ लाख, प्रदेश समानीकरण तर्फ ५४ लाख ३६ हजार, शशर्त अनुदान तर्फ १ करोड २१ लाख, समपूरक तर्फ ७० लाख, संघिय राजस्व बाँडफाँड तर्फ ९ करोड ६० लाख, प्रदेश राजस्व बाँडफाँड तर्फ ३५ लाख ५३ लाख, आन्तरिक श्रोत तर्फ ३० लाख प्राप्त हुने अनुमान छ । साथै यस आ.व. मा बैक मौज्दात १ करोड हुने अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

आ.व. २०८१/०८२ को कुल अनुमान ४३ **करोड ३९ लाख ६५ हजार अनुमान गरीएकोमा चालु तर्फ २९ करोड ६८ लाख २९ हजार** (**करिब ६८ दशमलव ३९ प्रतिशत**) र पुजिगत तर्फ रु **१३ करोड ७१ लाख ३६ हजार करिब** (**३१ दशमलव ६० प्रतिशत**) रकम विनियोजन गरेको छु । आ.व. २०८०/०८१ को कुल बजेट रकममा रु २५ लाख ४५ हजार बढि रहेको छ ।

अब म आ.व. २०८१/०८२ को लागि विनियोजन बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. प्रत्येक वडालाई जनसंख्या र भूगोलको आधारमा न्यूनतम रु ३० लाख र अधिकतम रु ३४ लाख बजेट निर्धारण गरी कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छु।

अब म क्षेत्रगत रुपमा तय गरिएका कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास**

१. "**बनाऔं फलफूल र अन्नको भण्डारःगंगादेवबासीको समृद्धिको आधार**" नारालाई सार्थक बनाउन कृषि तथा फलफूल खेतीको यान्त्रिकीकरण,व्यवसायीक र औद्योगिकीकरणका माध्यमबाट उत्पादन र

उत्पादकत्वमा वृद्धि गरी निर्यातमा वृद्धि गर्न, कृषि अनुदान तथा कृषि पेशालाई थप प्रभावकारी तथा प्रतिस्पर्धि बनाउन उत्कृष्ट कृषक सम्मान कार्यक्र संचालन गर्न रु ५५ लाख विनियोजन गरेको छु ।

२. पशुपंक्षी पालन सम्बधी तालिम, निशुल्क पशु उपचार लगायतका कार्य संचालन गर्न ९ लाख बजेट विनियोजन गरेको छु ।

३. सहकारी मार्फत ऋण प्राप्ति प्रक्रिया, बैंकिङ सेवाहरू र बचत योजनाको जानकारी प्रदान गर्न वित्तीय सहायता र सचेतना सहितको सहकारी शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४. समग्रमा आर्थिक विकास तर्फका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न रु ६४ लाख विनियोजन गरेको छु ।

## सामाजिक विकास

५. शिक्षा क्षेत्रमा आमूल परिवर्तन गर्दै यसलाई सुदृढ, दीगो समावेशी र सर्वसुलभ बनाउन तथा शिक्षकहरुको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्न र प्रवर्द्धनका लागि नीतिगत संरचनागत एवं जनशक्ती व्यवस्थापन गर्न रु ३ करोड २० लाख रकम विनियोजन गरेको छु ।

६. आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चितताको लक्ष्य प्राप्तिको लागि **"स्वस्थ गाउँपालिका, निरोगी गाउँबासी"** को सोच पुरा गर्न साथै स्वास्थ्य क्षेत्रको समग्र स्थिति सुधार गर्न रु १८ लाख विनियोजन गरेको छु ।

७. पालिकामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला, दलित, आदिवासी जनजाति, पछाडि परेका वर्ग तथा समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम संचालन गर्न रु ३ लाख बजेट विनियोजन गरेको छु।

८. **"उद्यमशीलताको विकासः अर्थतन्त्रको मूल आधार"** को सोच पुरा गर्न उद्यमशीलताको विकास, विस्तार र प्रविधिकरण गर्न, पोषण सम्बन्धी कार्यक्रम तथा पञ्जिकरण सम्बन्धी सेवा संचालन गर्न रु ४ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

९. समग्रमा सामाजिक विकास तर्फका योजना तथा कार्यक्रम कार्यान्वयन गर्न ३ करोड ४५ लाख ५० हजार बजेट विनियोजन गरेको छु

## पुर्वाधार विकास

१०. गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको प्रशासनीक भवन निर्माण गर्न रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

११. खानेपानी तथा सरसफाई र सिंचाईका आयोजना संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१२.विद्यालय भवन निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१३.लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान मार्फत लाखुरीचौर चिसापानी उपल्लो जाया राँकडाँडा हुदै ताप्ला जोड्ने मोटरबाटो निर्माण योजनाको लागि ७० लाख प्राप्त भएको छ । सो योजना निर्माण गर्न पालिकाको ७० लाख गरी कुल १ करोड ४० लाख बजेट विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

१४.विपद्पछि पुनःस्थापना र पुनर्निर्माण तथा तत्काल राहतको लागि रु १० लाख विनियोजन गरेको छु।

**संस्थागत विकास सेवा प्रवाह र सुशासन**

१५.सार्वजनिक सेवालाई नागरीक मैत्री तथा प्रविधिमैत्री बनाउन, कार्यालयको संस्थागत क्षमता विकास गर्न जनप्रतिनिधि तथा कर्मचारी हरुका लागि आवश्यक तालिम, अभिमुखिकरण गोष्ठी सञ्चालन गर्न रु १० लाख विनियोजन गरेको छु ।

१६.न्यायिक समिति र मातहतका मेलमिलाप, कर्ताहरुको क्षमता अभिवृद्धि गर्दै न्याय सम्पादनको कार्यलाइ प्रभावकारी बनाउन रु ५ लाख विनियोजन गरेको छु।

१७.विकास निर्माण कार्यलाई पारदर्शि र व्यवस्थित बनाउन तथा उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन क्षमता विकासका कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१८.करदाता शिक्षा कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१९.समग्र सुशासन तथा संस्थागत व्यवस्थाका लागि रु १६ लाख विनियोजन गरेको छु ।

२०.गाउँपालिका अनुदानबाट तलब भत्ता खाने शिक्षकहरुको तलब भत्तामा समान हुनेगरी रु २००० र साविक गाविस देखि हालसम्म कार्यरत **कार्यालय सहायकको** खाईपाई आएको तलब मानको १० प्रतिशतले वृद्धि गरेको छु ।

२१.कार्यालय संचालन तथा भैपरी आउने खर्च व्यवस्थापनको लागि रु ९ करोड ४१ लाख ५३ हजार रकम विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

संघीयता कार्यान्वयन पश्चात् स्थानीय सरकारको भूमिका अझ गहन हुँदै गएको छ । असीमित आवश्यकता तथा चाहनाहरुका बीचमा पनि योजना तथा बजेटको सान्दर्भिकता र औचित्यतताका आधारमा सीमित स्रोत साधनको विवेक संगत उपयोगका माध्यमबाट विकासको प्रक्रियालाई डोर्‍याउनु पर्ने चुनौतिका बाबजुद पनि सहकार्य, समन्वय तथा साझेदारीका माध्यमबाट यस गंगादेव गाउँपालिकाले स्थानीय शासन तथा सेवा प्रवाहलाई सरल,

सहज र पहुँचयोग्य बनाई **समृद्ध गंगादेव सम्मानीत गंगादेवबासी**को रुपमा विकास गर्ने मुख्य सोच राखेको छ। यस सोचलाई साकार पार्नका लागि सम्पूर्ण गाउँपालिकाबासी, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी, गैर-सरकारी तथा सामुदायिक संघसंस्थाहरु प्रति हार्दिक अपिल गर्दछु । यस बजेटको सफल कार्यान्वयनकका लागि सबै पक्षहरुको साथ र सहयोगको समेत अपेक्षा गरेको छु ।

अन्त्यमा वजेट निर्माण कार्यमा मार्ग निर्देश गर्नुहुने श्रद्धेय अध्यक्षज्यू, सभा सदस्य ज्यूहरु, सभा सचिव ज्यू लगायत बजेट निर्माण कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

अमृता कुमारी केसी

उपाध्यक्ष

गंगादेव गाउँपालिका रोल्पा